आज मिति २०७९।३।२८ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यूको अध्यक्षतामा नियमानुसारका गाउँकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र बहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया वि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

सहयोगी कर्मचारीहरु:

| | | |
|---|---|---|
| विदुर सिग्देल | अधिकृत | |
| लाल चन्द गैह्रे | लेखापाल | |
| नोर ब. थापा | ना.सु. | |

खिमनारायण मानन्धर
अध्यक्ष

निर्णय नं १ प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश पोखराबाट आयोजना छनौट गरी पठाउने भनी माग भइ आएकोले यस हरिनास गाउँपालिका भित्र तपसिलका योजनाहरु अति आवश्यक हुँदा योजना छनौट गरी पठाउने निर्णय गरियो ।

क. साखे सालडाँडा ग्रामिण सडक हरिनास वार्ड नं. १

ख. नक्कले डाँटी सिरिन्डाडा चिसापानी धुर्वे धुंगेठाँटी ग्रामिण सडक हरिनास वार्ड नं. २ ३ र ४

ग. हरिनास आपीडाँडा काभ्रेघाट ग्रामिण सडक हरिनास वार्ड नं. ५

घ. दग्दी पुर्कोट ग्रामिण सडक हरिनास वार्ड नं. ६

ङ. बुङदी खोला पक्की पुल हरिनास वार्ड नं. ७

निर्णय नं. २ हरिनास गाउँपालिकाको अर्थ सम्वन्धि बिधेयक २०७९ को अनुसूची- १ बमोजिम उठाइने भुमिकरमा थप १० प्रतिशत वृद्धि गरी सोही जानकारी सम्बन्धित वार्ड कार्यालयहरुमा गराउने र हरिनास गाउँपालिकाको अर्थ सम्वन्धि बिधेयक २०७९ को अनुसुचि १ संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ दग्दी कुलुङखोला दोभान बडहर भन्ज्याङ किहु जोडने ग्रामिण पक्क सडक ( कालो पत्रे तथा स्तरउन्नती ) निर्माणका लागी यस हरिनास गाउँपालिका र श्री चम्पेश्वर सिग्नन युरेका जे भी बिच सम्झौता भइ कार्य शुरु भएकोमा उक्त सडक तोकिएको समयमा सम्पन्न गर्न नसकेको भनी कार्यालायमा निवेदन पेश गरेको हुँदा निर्वाचन र बर्षाको समयमा कार्य संचालन भएतापनि गुणस्तर युक्त नहुने हुँदा तोकिएको समयमा कार्य सम्पन्न हुने नदेखिएकोले उक्त योजनाको म्याद २०८० साल असाढ मसान्नत भित्र सम्पन्न गर्नका लागी म्याद थप गरी श्री चम्पेश्वर सिग्नन युरेका जे भी लाइ म्याद थप भएको जानकारी गराइ तोकिएको म्याद भित्र कार्य सम्पन्न गर्नु भनी पत्रचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ हरिनास गाउँपालिकाको एघारौ गाउँसभाबाट स्वीकृत भएका आ.ब. २०७९।०८० योजनाहरुका सम्वन्धमा २०७९ श्रावण मसान्त भित्र उपभोक्ता समिति गठन गर्नका लागी सम्पूर्ण वार्ड कार्यालयहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ हरिनास गाउँपालिका वार्ड नं. १२ र ५ का वडाअध्यक्ष एवं वार्ड सदस्यहरुले गाउँकार्यपालिकामा पेश गर्नु भएको निवेदन सम्वन्धमा छलफल गर्दा एघारौ गाउँसभाबाट स्वीकृत भएका योजनाहरु सफलतापूर्वक सम्पन्न गर्ने र आगामी दिनहरुमा वार्डका योजनाहरुका सम्वन्धमा वडाध्यक्ष सहितको टोलीबाट व्यापक छलफल गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ गाउँपालिकामा हाल सम्म [illegible] गाउँपालिकामा डिजिटल प्रोफाइल कार्य नबनेकोले उल्लेखित कार्य सम्पादन गर्नका लागी सूचि दर्ताका लागी नियमानुसार सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ खरको छानो विस्थापित गर्ने सम्वन्धमा यस हरिनास गाउँपालिकामा ४३९ लाभग्राही रहेकोमा यस चालु आ.ब. मा १३७ घरधुरीले खरको छानो बिस्थापित गर्नु भएको अभिलेखबाट देखिएको र आ.ब. २०७९।०८० का लागी संघिय सरकारबाट जम्मा रु पाँचलाख रुपैया मात्र बिनियोजन भइ आएको सो रकम ले पालिका भित्र बसोबास गर्ने लाभग्राहीहरुलाइ नसमेटनी हुँदा हाल कति खरको छानो रहेको छ एकिन तथ्यांक उपलव्ध गराउन सम्पूर्ण वार्ड कार्यालय लाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ चित्रे भन्ज्याङ स्वास्थ्य चौकीमा रिक्त रहेको ल्या.अ. पद एक , यस कार्यालयमा रिक्त रहेको कम्प्यूटर पद संख्या एक र रोजगार सहायक पद संख्या एक समेत तिन पदको पदपूर्तिका लागी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ स्थानिय सदस्य निर्वाचन अगावै तत्तकालिन वडाध्यक्षहरुले प्रयोगमा ल्याएको मोटरसाइकल राजिनामा पश्चात कार्यालयमै रहेको र हाल संचालन हुन नसक्ने भएको हुँदा प्रत्येक वडाका वडाध्यक्षले संचालन गर्ने गरी सातै वार्डका मोटरसाइकल मर्मत पालिकाबाट गरी वडाध्यक्षहरुलाइ मोटरसाइकल बुझाउने निर्णय गरियो ।

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ, स्याङ्जा
२०७३

खिम नारायण मानन्धर
अध्यक्ष

निर्णय नं. ९ यस पालिका भित्र रहेका स्वास्थ्य चौकी एवं सामुदायिक / आधारभुत स्वस्थ्य इकाइमा कार्यरत तपशिलका स्वास्थ्यकर्मीहरु र यस कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाइ निम्नानुसार काम काज गर्ने गरी तोकी तोकिएको कार्यालयमा हाजिर हुन पठाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | पद | नाम थर | कार्यरत कार्यालय | कामकाजको लागी तोकिएको कार्यालय |
|---|---|---|---|---|
| १ | सिअहेब | धनवहादुर मानन्धर | चित्रे भन्ज्याङ स्वास्थ्य चौकी | आधारभुत स्वास्थ्य इकाइ कोइराले वार्ड नं. ७ |
| २ | सिअहेब पाचौ | दानवहादुर बि.ब. | आधारभुत स्वास्थ्य इकाइ वार्ड नं. ५ | आधारभुत स्वास्थ्य इकाइ वार्ड नं. १ |
| ३ | अहेब चौथो | शर्मिला खडका | चित्रे स्वा चौ | आधारभुत स्वास्थ्य इकाइ कुलुङखोला ४ |
| ४ | अनमी पाचौ | जमुना लम्साल | चिसापानी स्वाचौ | आधारभुत स्वास्थ्य इकाइ प्यारसिङ २ |
| ५ | अहेब चौथो | लालवहादुर थापा | आधारभुत स्वास्थ्य इकाइ बराटु | चित्रे स्वाचौ |
| ६ | असवइ चौथो | महेन्द्र पौडेल | हरिनास गापा | वार्ड नं. १ कार्यालय |
| ७ | असवइ चौथो | मनोजकुमार यादव | हरिनास गापा | वार्ड नं. ७ कार्यालय |

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ, स्याङ्जा
२०७३

खिम नारायण मानन्धर
अध्यक्ष